# बाँसगढी नगरपालिकाको एघारौं नगर सभामा मिति २०७९ असार ०९ गते नगर प्रमुख श्री खड्क बहादुर खड्काले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

बाँसगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाँसगढी, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

www.Bansgadhimun.gov.np

## बाँसगढी नगरपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम

- बाँसगढी नगरपालिकाका सम्पूर्ण नगर सभासद्ज्यूहरु, सम्पूर्ण कर्मचारीहरु तथा संचारकर्मी मित्रहरुमा हार्दिक अभिवादन व्यक्त गर्दछु ।
- नेपालको विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनयुद्ध र सम्पूर्ण जनसंघर्षहरुमा आम नेपाली दाजुभाइ दिदिबहिनीले गर्नुभएको त्याग र बलिदानको जगमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको एउटा ईकाई बाँसगढी नगरपालिकाको यो मञ्चमा उभिई आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम बाचन गर्न पाउँदा अत्यन्त खुशी लाग्नुका साथै यो महत्वपूर्ण घडीमा सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुलाई आत्मैदेखि स-सम्मान स्मरण गर्दछु । साथै, बाँसगढी नगरपालिकाको नगर प्रमुखका रुपमा मलाई र सम्पूर्ण जननिर्वाचित प्रतिनिधिहरुलाई आफ्नो बहुमूल्य मत दिई विजयी गराउनुभएकोमा सम्पूर्ण नगरबासी दाजुभाई दिदिबहिनीहरुमा धन्यवाद प्रकट गर्दै सम्पूर्ण जनप्रतिनिधिहरुले गरेका प्रतिबद्धताहरु क्रमशः पूरा गर्दै जाने प्रतिज्ञा समेत गर्दछु ।
- बाँसगढी नगरपालिकालाई सुन्दर, समृद्ध, सबल र आत्मनिर्भर बनाउने यस अभियानमा सम्पूर्ण नगरबासी दाजुभाई दिदिबहिनीहरु, सरकारी तथा गैरसरकारी संस्थाहरु, वित्तिय तथा सहकारी संस्थाहरु, विभिन्न सञ्जाल तथा युवा क्लबहरुलाई सँगसँगै हातेमालो गरी सहयोग गरिदिनुहुन समेत अनुरोध गर्दछु । साथै, बाँसगढी नगरपालिकाको विकासमा उल्लेखनीय कार्य गर्नुभएकोमा पूर्ववर्ती स्थानीय सरकारलाई बधाई एवम् धन्यवाद व्यक्त गर्न चाहन्छु ।
- बाँसगढी नगरपालिकाका सम्पूर्ण नगरबासीको भावना तथा आवश्यकतालाई प्राथमिकताको आधारमा सामाजिक रुपमा जीवनस्तर सुधार गर्न तथा भौतिक विकास र आर्थिक समृद्धिको अपेक्षा पूरा गर्न सुशासन कायम गर्दै अगाढी बढ्ने संकल्प गर्न चाहन्छु । बाँसगढी नगरपालिकाको प्रशासनिक तथा विविध कामकारबाहीको सहज संचालन गर्न लोकतन्त्र र संघीय गणतन्त्रको मर्म र भावनालाई ख्याल गर्दै नागरिकमैत्री शासन व्यवस्था कायम गर्नका लागि पूर्ववर्ति स्थानीय सरकारले निर्माण गरेका ऐन, नियमावली, कार्यविधि, मापदण्ड र आचारसंहितालाई समेत आत्मसात गर्दै स्थानीय सरकार संचालनका लागि आवश्यक पर्ने थप कानूनहरुको निर्माण गर्ने प्रक्रिया संचालन गरिनेछ ।

**नगर सभासदज्यूहरु,**

हामी नेपालको संविधान, २०७२ जारी भएपश्चात भएको दोस्रो स्थानीय तह निर्वाचन, २०७९ बाट निर्वाचित हुदैं बाँसगढी नगरपालिकाको नेतृत्व गर्दा **बाँसगढी नगर : सुन्दर, समृद्ध, सबल र आत्मनिर्भर** भन्ने नारालाई हृदयंगम गर्दै नीति, कार्यक्रम तथा योजनाहरुको निर्माण गर्नेछौ । विकासलाई बहुआयामिक ढङ्गबाट सोची हरेक क्षेत्रलाई उत्तिकै महत्व दिई सामाजिक, आर्थिक, भौतिक विकासमा गुणात्मकता प्रदान गर्ने नीति अंगिकार गरिने कुरा

यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु । योजना तथा कार्यक्रमहरुका क्षेत्रहरुमा देहाय अनुसारका नीतिहरु तयार पारेको छु ।

## शिक्षा, युवा तथा खेलकुद क्षेत्र

(१) बाँसगढी नगरपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ । दिवा खाजाको अनुगमन गरी स्वस्थकर दिवा खाजा प्रदान गरिनेछ ।

(२) बाँसगढी नगरपालिकाले आधारभूत तहसम्मको शिक्षालाई पूर्ण रुपमा नि:शुल्क गर्ने घोषणा गरिसकेकोले सोको प्रभावकारी कार्यान्वयन गर्दै क्रमिक रुपमा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा प्रदान गर्दै जाने नीति अवलम्बन गरिनेछ ।

(३) सम्पूर्ण सामुदायिक विद्यालयहरुमा क्रमिक रुपमा घेरबार निर्माण गरि छापामय विद्यालय निर्माण गर्नुका साथै आवश्यक फर्निचर, विद्युतीय सामाग्रीहरु र सूचना प्रविधि मैत्री विद्यालय निर्माण गरिनेछ ।

(४) सम्पूर्ण राष्ट्रसेवक शिक्षकहरु तथा विद्यालय कर्मचारीहरुको मासिक रुपमा पारिश्रमिक भुक्तानीको व्यवस्थाका लागि पहल गरिनेछ ।

(५) सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको स्वास्थ्य चेक जाँच नगरपालिकाका स्वास्थ्यकर्मीहरुबाट हुने व्यवस्था गरिनेछ र आधारभूत औषधिहरु नि:शुल्क रुपमा उपलब्ध गराईनेछ । स्वास्थ चौकी तथा स्वास्थ्य केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई नजिकको सामुदायिक विद्यालयमा स्वास्थ्य सचेतनाका कक्षाहरु संचालनका लागि परिचालन गरिनेछ । ईलाका प्रहरी कार्यालयसँगको समन्वयमा विद्यालयहरुमा **ट्राफिक शिक्षा** कार्यक्रम संचालन गरिनेछ ।

(६) सामुदायिक विद्यालयहरुका अचल सम्पत्तिलाई उत्पादनमूलक कार्यमा उपयोग गर्ने नीति अवलम्बन गरिनुका साथै प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग कार्य सम्पादन सम्झौता गरी गुणस्तरीय शैक्षिक सुधारमा जोड दिईनेछ ।

(७) नगरपालिका भित्रका विपन्न, अपाङ्गता भएका व्यक्ति, दलित, मुक्तकमैया, मुक्तकमलरी, भूमिहीन, द्वन्द्वपीडित, असहाय बालबालिकाहरुलाई उच्च प्राथमिकता दिदैं शिक्षामा पहुँचको विकास गर्न **स्थानीय सरकार छात्रवृत्ति कार्यक्रम** संचालन गरिनेछ । विपन्न विद्यार्थीहरुलाई खाजा, पोशाक र स्टेशनरी समेत उपलब्ध गराईने नीति अवलम्बन गरिनेछ ।

(८) सामुदायिक विद्यालयहरुका माध्यमिक तहका उत्कृष्ट प्रतिभा भएका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई **नगर प्रतिभा पुरुस्कार** प्रदान गरि सम्मान गर्नुका साथै उत्कृष्ठ कार्यसम्पादन गर्ने शिक्षकलाई **सर्वोत्कृष्ठ शिक्षक पुरुस्कार** प्रदान गरिनेछ ।

(९) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम र मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी विद्यालयको आवश्यकता अनुसार भौतिक पुर्वाधार निर्माण, पुन:निर्माण र मर्मत गरिनेछ । सार्वजनिक भवन तथा विद्यालय भवनहरुलाई बालमैत्री, महिलामैत्री एवम् अपाङ्गमैत्री बनाईनेछ ।

(१०) सम्पूर्ण सामुदायिक विद्यालयहरुमा क्रमिक रुपमा विद्युत सेवा र द्रुत गतिको ईन्टरनेट सेवा उपलब्ध गराई महसुलमा अनुदान प्रदान गरिने नीति अवलम्बन गरिनेछ । विद्यालयमा नविनतम् सूचना तथा प्रविधिको माध्यमबाट गुणस्तरीय शैक्षिक सुधार गरिनेछ ।

(११) बाँसगढी नगरपालिकाको शैक्षिक आवश्यकताको आधारमा उच्च शिक्षा सम्मको शैक्षिक विकासका लागि नगरपालिकामा रहेका दुई बहुमुखी क्याम्पसहरुको विस्तृत अध्ययन गरी प्राविधिक धार समेत समावेश गराउँदै आर्थिक तथा भौतिक रुपमा सहयोगको नीति लिईनेछ ।

(१२) प्राविधिक, व्यवसायिक तथा व्यवहारिक शिक्षाको माध्यमबाट उत्पादनमूलक कार्यक्रम संचालन गर्ने नमूना विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ भने पूर्ण सरसफाईयुक्त सुन्दर विद्यालय विकासमा जोड दिईनेछ । "पढ्दै कमाउँदै" कार्यक्रमलाई प्रदेश सरकार र संघीय सरकारसँगको समन्वयमा प्रभावकारी रुपमा सबै विद्यालयहरुमा क्रमश विस्तार गरिनेछ ।

(१३) शैक्षिक अनुदान कार्यक्रमलाई विद्यार्थी शिक्षक अनुपात, भौगोलिक अवस्थिति, पूर्वाधारको अवस्था, विद्यालय सुधारको योजना, कार्यसम्पादनको अवस्था, प्राविधिक, व्यवसायिक र व्यवहारिक शिक्षाको अध्यापन जस्ता विषयको आधारमा न्यायोचित ढंगले संचालन गरी विद्यालयलाई प्रोत्साहन गरिने नीति लिईनेछ ।

(१४) सचेत अभिभावक, दक्ष शिक्षक, नियमित विद्यार्थी, प्रभावकारी शिक्षण, गुणस्तरिय सिकाईका साथै सूचकहरु निर्धारण गरी आगामी पाँच वर्षमा गुणात्मक शैक्षिक सुधारको लागि **पञ्चवर्षीय शैक्षिक सुधार योजना** निर्माण गरी म बनाउँछु मेरो विद्यालय भन्ने भावना जागृत गराउने कार्यक्रम संचालन गर्ने नीति लिईनेछ । आगामी आर्थिक वर्ष २०७९/८० शैक्षिक गुणस्तर सुधारको प्रारम्भिक वर्षका रुपमा रहनेछ ।

(१५) खेलकुदको विकासका लागि बैंक तथा वित्तिय संस्था, उद्योग तथा व्यवसायीहरुलाई सामाजिक उत्तरदायित्व अन्तर्गत योगदानका लागि अनुरोध गर्नुका साथै खेलकुदका माध्यमबाट नगरपालिकाको पहिचान तथा सम्मान अभिवृद्धि गर्न खेलकुदजन्य प्रतियोगीतात्मक कार्यक्रमहरु संचालनको नीति लिईनेछ । **एक वडा एक खेलकुद मैदान** को नीति क्रमश कार्यान्वयन गरिनेछ ।

(१६) विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरुको संचालन गरी विद्यार्थीहरुको प्रतिभा पहिचान र सर्वाङ्गीण विकासमा ध्यान दिईनेछ ।

<u>कृषि तथा सहकारी विकास क्षेत्र</u>

(१७) **"सहकारी/समूह छ हाम्रो, उत्पादन छ राम्रो"** भन्ने मूल नाराका साथ कृषि क्षेत्रमा समूहिक खेतीलाई प्रोत्साहन गरिनेछ । सामूहिक खेती गर्ने कृषकहरुलाई उत्पादनका आधारमा अनुदान प्रदान गरिनेछ । विभिन्न किसिमका कृषि उपजहरु उत्पादन गर्ने कृषकलाई उत्पादन र बिक्रि वितरणलाई आधार मानी प्रोत्साहित गरिनेछ ।

(१८) **"किसानसँग स्थानीय सरकार, कृषिको समग्र विकास रोजगारी सिर्जनाको आधार"** भन्ने भनाईलाई साकार बनाउन परम्परागत कृषि प्रणालीलाई कृषिको यान्त्रिकिकरण र आधुनिक कृषि प्रविधि सँग जोडी

उत्पादनमूलक दिगो कृषि प्रणालीको विकास गरिनेछ । कृषिको व्यवसायिकरण, आधुनिकिकरण र ग्रामीण औद्योगिकरणतर्फ अगाडी बढाउन मुख्य क्षेत्र र संभावनाका क्षेत्र पहिचान गरी व्यक्ति, समूह, सहकारी, कम्पनी, संघसंस्था, सामुदायिक तथा बफर वन क्षेत्र, नदी उकास क्षेत्र समेतलाई प्रयोग गर्ने गरी कृषि उत्पादन तथा बजारीकरणसमेतको समग्र कृषि नीति अवलम्बन गरिनेछ ।

(१९) गुणस्तरीय मल, बीउ, सिचाई, उत्पादन र बजारीकरणको कृषि चक्रमा हरेक चरणलाई कृषि प्राविधिकको प्रत्यक्ष रोहबरमा सहुलियत र प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । सम्पूर्ण खेतीयोग्य जमिनमा सिचाईंको सुविधा पुर्याउन र ठूला सिचाईं आयोजनाहरु कार्यान्वयन गर्न प्रदेश सरकार र संघीय सरकार सँग आवश्यक समन्वय गरिनेछ ।

(२०) बाँसगढीको चिनारी बोकेका स्थानीय उत्पादनहरुलाई आधुनिक तरिकाबाट प्याकेजिङ, लेबलिङ र ब्राण्डिङ गरी बजारीकरण सुरु गरिनेछ ।

(२१) कृषि योग्य भूमिलाई बाँझो नराख्ने नीति अवलम्बन गरिनेछ । बाँझो खेतलाई लिज वा भाडामा लिई कृषि कार्य गर्न प्रोत्साहन गरिनेछ । प्रङ्गारिक मलको प्रयोग गरी अर्गानिक कृषि उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

(२२) न्यून वर्गीय मुक्त कमैया/कमलरी, द्वन्द्वपीडित तथा पिछडिएका व्यक्तिहरुलाई खाद्यन्न तथा तरकारी बीउ बीजनमा अनुदान प्रदान गरी व्यवसायिक उत्पादनमा सहभागी गराई स्वरोजगार बनाईनेछ ।

(२३) गुणस्तरीय कृषि उत्पादन देखि बजारीकरणसम्म कृषकहरुलाई प्रोत्साहित गरी खाद्य सुरक्षा र सम्प्रभुताको प्रत्याभूति गराइनेछ ।

(२४) कृषि पेशालाई सम्मानजनक पेशाका रुपमा स्थापित गर्न कृषि पेशामा आवद्ध सम्पूर्ण कृषकहरुसँग भेटघाट, अभिमूखिकरण, गोष्टी र विभिन्न क्षमता विकास तालिमहरु संचालन गर्नुका साथै विश्वसनीय र प्रभावकारी अनुदान प्रदान गरिनेछ । बैंक तथा वित्तिय संस्थासँगको सहकार्यमा युवा लक्षित सहुलियत कर्जा कार्यक्रमलाई प्रभावकारी संचालन गरिनेछ । सर्वोत्कृष्ठ र उत्कृष्ठ कृषकहरुलाई सम्मान गरिनेछ ।

(२५) नियमित माटो परीक्षण गरी माटो सुधारका उपायहरु अवलम्बन गर्न माटो परीक्षण प्रयोगशाला स्थापना गरिनेछ ।

(२६) **"बाँसगढी कृषि बजार"** को प्रभावकारी संचालनका लागि निजी तथा सहकारी संस्थासँग लागत साझेदारीमा सहकार्य गरिनेछ र उक्त बजारमा आफ्नो कृषि उपज बिक्री गर्ने सम्पूर्ण कृषकलाई प्रोत्साहन स्वरुप अनुदान प्रदान गरिनेछ ।

(२७) कृषकको आयआर्जन वृद्धि गर्न खरिद सुनिश्चितता सहित आलु र प्याजलाई औद्योगिक बालीका रुपमा यस वर्ष कम्तिमा १०० हेक्टर क्षेत्रफलमा प्रवर्द्धन गरिनेछ । नगरमा स्थापित कोल्डस्टोरलाई स्थानीय उत्पादनबाट पूर्ण संचालनमा ल्याउने योजना अनुसार कार्य संद्चालन गरिनेछ ।

(२८) **"नगरपालिकाको जिम्मेवारी: युवालाई रोजगारी"** भन्ने नाराका साथ कृषि पशुपंक्षी तथा मत्स्य क्षेत्रमा आधुनिक फर्म स्थापना गरी स्वरोजगार बनाउने अभियान अन्तर्गत यस वर्ष कम्तीमा १०० युवाका लागि रोजगार विशेष कार्यक्रम संचालन गरिनेछ ।

(२९) कृषि सेवा प्रवाहलाई बाँसगढी नगरपालिका र ३ वटा कृषि सेवा केन्द्रबाट निरन्तरता दिई घुम्ती टोलीका रुपमा वडा वडामा खटाईनेछ र कृषि बालीमा देखिएका हरेक प्रकारका समस्याको सम्बोधन गरिनेछ ।

(३०) नगरपालिका भित्रका एग्रोभेट, एग्रो सेन्टर, कृषि फर्महरुलाई सूचिकृत गरी नियमित अनुगमन तथा निरीक्षण गरिनेछ । एग्रोभेट, एग्रो सेन्टर, कृषि फर्म, भेट सेन्टरहरुले अनिवार्य पालना गर्नुपर्ने **एडभाईजरी** जारी गरिनेछ ।

(३१) मलको उपलब्धताका लागि सम्बन्धित निजी, सहकारी तथा सरकारी निकायहरुसँग समन्वय गरी समयमै बाँसगढी नगरपालिकाभित्र मल उपलब्ध गराइनेछ ।

(३२) कृषि बीमालाई विस्तार गरी निःशुल्क तथा अनिवार्य बनाईनेछ भने बाली क्षतिबाट हुने हानी नोक्सानी असुल हुने बातावरण तयार गरिनेछ । बीमा कम्पनीहरुसँगको समन्वयमा छिटो छरितो बीमा रकम उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

(३३) **"एक गाउँ एक उत्पादन"** कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै कृषि समूह, सहकारी, कृषि कम्पनी तथा निजी कृषि फर्मको विकास गर्ने नीति अपनाईनेछ । उत्पादित वस्तु, उत्पादन हुने स्थान र उत्पादन लक्ष्य अनुसारको कृषि पकेट क्षेत्र बनाईनेछ ।

(३४) सहकारी संस्थाहरुसँग कृषि तथा पशु विकास क्षेत्रका विभिन्न कार्यक्रममा सहकार्य र समन्वय गरिनेछ । सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गर्नुका साथै प्रविधिमैत्री सहकारी निर्माण गर्न सहकारी तथा गरिबी निवारण सूचना प्रणाली (COPOMIS) प्रभावकारी रुपमा लागू गरिनेछ ।

(३५) राष्ट्रिय अर्थतन्त्रको एक महत्वपूर्ण कडीका रुपमा रहेका सहकारी संस्थाहरुलाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँगको समन्वय, सहकार्य र लागत साझेदारीमा रोजगारी सिर्जना र उद्यमशीलताको प्रवर्धनका कार्यक्रम संचालन गरी गरिबी निवारण गर्ने नीति अवलम्बन गरिनेछ ।

**नगर सभासदज्यूहरु,**

<u>पशु विकास क्षेत्र</u>

(३६) पशुपंछी पालनलाई व्यवसायिक रुपमा अगाडि बढाउन उत्पादनका आधारमा अनुदान प्रदान गर्ने नीति अवलम्बन गरिनेछ । सहकारी संस्था तथा दुध विक्री केन्द्र वा कम्पनीसँगको सहकार्यमा दुध उत्पादक कृषकलाई प्रति लिटर दुधमा तथा मासुजन्य पदार्थ उत्पादन गर्ने कृषकलाई प्रति के.जी. मासुमा अनुदान प्रदान गरिनेछ ।

(३७) निम्न वर्गका मुक्त कमैया, कमलरी, द्वन्द्व पीडित, दलित लगायतका पशुपालकहरुका लागि व्यवसायिक पशुपन्छी प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

(३८) पशु स्वास्थ्य सेवा प्रवाहलाई आकस्मिक सेवा सँगै घुम्ती सेवामा परिणत गरी **घुम्ती पशु स्वास्थ्य शिविर** संचालन गरिनेछ । साथै, प्रत्येक वडा तहमा ट्रेविज निर्माण गरी पशु स्वास्थ्य सेवालाई जनस्तरमा संचालन गरिनेछ भने पशुपंक्षी औषधि सहुलियत मूल्यमा उपलब्ध गराईनेछ ।

(३९) पशुपंक्षी खोप कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ र व्यवसायिक रुपमा पशुपंक्षी पालन गर्ने कृषकहरुलाई गोठमै गई खोप सुनिश्चिताको नीति अवलम्बन गरिनेछ ।

(४०) पशुपंक्षी धन सुरक्षाका लागि महत्वपूर्ण पशुपंक्षी बीमा कार्यक्रमलाई निःशुल्क र अनिवार्य बनाई पशुपंक्षी बीमा कार्यक्रमलाई अनुदानसँग अन्तरआबद्धता गरिने नीति लिईनेछ ।

(४१) गाईभैसी सुत्केरी पोषण भत्ता वितरण कार्यक्रमलाई प्रभावकारी बनाईनेछ । पशुपालन गर्ने कृषकहरुलाई व्यवसायिक रुपमा पशुपालन गर्न जोड दिईनेछ । पशुपंक्षीजन्य उत्पादनका आधारमा प्रोत्साहित गर्न पशुपालक कृषकको बर्गीकरण गरिनेछ ।

(४२) प्रदेश सरकारबाट संचालित बंगुर स्रोतकेन्द्र र बंगुर स्मार्ट कृषि गाउँलाई वृहत बंगुर उत्पादन क्षेत्रका रुपमा विकास गरी अनुसन्धान र आधुनिकिकरणका योजना लागू गरिनेछ ।

(४३) पशुपालन गर्ने कृषकहरुलाई अनुदानमा घाँसको बीउ वितरणलाई निरन्तरता दिईनेछ । पशुपालनलाई आधुनिकिकरण गर्न विद्युतीय चारा मेसिन लगायत अन्य औजार तथा उपकरणको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

(४४) अनुदानको कार्यक्रमलाई बस्तुनिष्ठ र व्यवहारिक बनाउनुका साथै अनुगमन कार्यलाई विशेष जोड दिइनेछ । अनुदानमा दोहोरोपन हटाउन अनुदान प्रदान गर्नुपूर्व अनुगमन गर्नुका साथै दाबी बिरोधको सूचना प्रकाशन गर्ने नीति लिइनेछ ।

**नगर सभासदज्यूहरु,**

<u>स्वास्थ्य क्षेत्र</u>

(४५) आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क तथा गुणस्तरीय बनाई बाँसगढी नगर अस्पतालमा विशेषज्ञ स्वास्थ्य सेवा सहितको सेवा प्रवाह गरिनेछ । स्वास्थ्यजन्य यन्त्र तथा उपकरणहरुको आवश्यक व्यवस्था गरी गुणस्तरीय स्वास्थ्य ल्याब सेवा प्रदान गरिनेछ ।

(४६) निर्माणाधीन नगर अस्पतालको भवनलाई प्राथमिकतामा राखी तोकिएकै समयावधि भित्र सम्पन्न गरिनेछ ।

(४७) स्वास्थ्य बीमा कार्यक्रमलाई व्यापक बनाउन बीमा एजेन्टहरुसँग निरन्तर अन्तरक्रिया गरिनेछ र नेपाल सरकारसँगको समन्वयमा सम्पूर्ण नगरबासीहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा सहभागी गराईनेछ । अति

विपन्न नगरबासीहरुलाई निःशुल्क स्वास्थ्य बीमा गरिनेछ । स्वास्थ्य बीमाका लागि बाँसगढी नगर अस्पतालबाट रिफर गर्नसकिने व्यवस्थाका लागि अन्य सरकारी निकायसँग समन्वय गरिनेछ ।

(४८) स्थानीय तहबाट निःशुल्क रुपमा वितरण गरिने ९८ प्रकारका औषधिहरु सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट प्राप्त गर्न सकिने व्यवस्था गरिनेछ । असहाय, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुलाई घर घरमै स्वास्थ्य जाँच गरी निःशुल्क औषधि वितरण गरिनेछ भने प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा नसर्ने रोगहरुको परीक्षण तथा उपचारलाई प्रभावकारी बनाईनेछ ।

(४९) मृगौला, मुटु तथा क्यान्सर रोग लगायतका कडा खालका रोगहरुको उपचारका लागि स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी सहुलियत र छुटको व्यवस्था गरिनेछ । सिकेल सेल एनिमिया रोगको परीक्षण तथा उपचारका लागि प्राविधिक व्यवस्थापन गरिनेछ ।

(५०) नगर क्षेत्र भित्रका निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको निरन्तर अनुगमन तथा निरीक्षण गरिनेछ ।

(५१) नगरक्षेत्रभित्रका बर्थिङ सेन्टरको क्षमता अभिवृद्धि गर्नुका साथै आवश्यकताका आधारमा बर्थिङ सेन्टरहरु क्रमशः संचालन गरिनेछ । गर्भवती जाँच र स्वास्थ्य संस्थामा सुत्केरी गराउन सचेतनामूलक कार्यक्रम संचालन गर्नुका साथै गर्भवती महिला, सुत्केरी महिला तथा नवजात शिशुको तथ्यांक अद्यावधिक गरी स्वास्थ्यकर्मीबाट निरन्तर चेकजाँचको व्यवस्था गरिनेछ । सुत्केरी महिला तथा नवजात शिशुको पोषणस्तरको ख्याल गर्दै सुत्केरी महिलालाई घ्यू, मह लगायतका पोषण सामाग्री र सेनिटरी प्याड, टावेल लगायतका अन्य सामाग्रीहरु उपलब्ध गराउने नीति लिईनेछ ।

(५२) नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने स्वास्थ्य सेवालाई विश्वसनीय, भरपर्दो र व्यापक बनाउन स्वास्थ्य संस्थाहरुलाई स्रोत साधन सम्पन्न बनाईनुका साथै तालिमप्राप्त स्वास्थ्यकर्मीको व्यवस्था र अनुगमनमा जोड दिईनेछ ।

(५३) गाउँघरमा महिला तथा बालबालिकाको स्वास्थ्य सुधार एवम् सचेतनामूलक कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविकाको परिचालनलाई विस्तार गरिनेछ भने महिला स्वास्थ्य स्वयंसेविकाको योगदानको कदर गर्दै प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

(५४) आयुर्वेद चिकित्सा र योगलाई समेत स्वास्थ्य सेवा प्रवाहको एक महत्वपूर्ण माध्यमका रुपमा लिई प्रवर्द्धन गरिनेछ ।

(५५) स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने स्वास्थ्य सेवामा मानसिक उपचार समेतलाई जोडिनेछ र सोसँग सम्बन्धित औषधिको व्यवस्था गरिनेछ ।

(५६) स्वास्थ्य सेवालाई उपचारात्मक, प्रतिकारात्मक, प्रवर्धनात्मक सेवाका रुपमा प्रवाह गरी नगरबासीलाई नजिककै स्वास्थ्य संस्थाबाट हरेक किसिमका स्वास्थ्य सेवा उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ ।

**नगर सभासदज्यूहरु,**

__वन, वातावरण, खानेपानी तथा सरसफाई क्षेत्र__

(५७) स्थानीय सामुदायिक वनहरुको समन्वय र साझेदारीमा वन पैदावारहरुको उत्पादनमा वृद्धि गर्नुका साथै प्रभावित स्थानीयहरुको जिवनस्तर उकास्न उद्यम र रोजगारी सिर्जना गरिनेछ ।

(५८) **"एक कक्षा एक विरुवा"** नीति अन्तर्गत विद्यार्थीहरुले आफूले प्रत्येक कक्षामा एउटा विरुवा हुर्काउनुपर्ने नियम लागू गरिनेछ र वातावरण प्रवर्द्धनका विषयहरु विद्यालयस्तरबाटै सिकाईनेछ ।

(५९) बाँसगढी नगरपालिका भित्रका सरकारी कार्यालय परिसरमा अनिवार्य रुपमा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

(६०) **"फोहोर फोहोर होईन यो त मोहोर हो"** भन्ने भनाईलाई व्यवहारमा लागू गर्न फोहोरको वर्गीकरण, संकलन, प्रशोधन, पुन प्रयोगको नीति लागू गरिनेछ । बजार क्षेत्रमा क्रमिक रुपमा ढल निकास व्यवस्थापन कार्य अगाडी बढाईनेछ ।

(६१) बाँसगढी नगरपालिकालाई क्रमश शून्य फोहोरको नगरपालिकाका रुपमा विकास गर्दै लैजाने नीति अनुरुप आगामी आर्थिक वर्षमा बाँसगढी नगरपालिकाको बजार क्षेत्रलाई सफा, सुन्दर र हरियाली बनाउँदै यो अभियान सुरुवात गरिनेछ ।

(६२) शुद्ध खानेपानीको वितरणका लागि अन्तर निकाय समन्वय गर्दै जाने नीति लिईएको छ ।

__भौतिक पूर्वाधार क्षेत्र__

(६३) नगरपालिकाका सम्पूर्ण वडा कार्यालयसम्म पुग्ने सडक क्रमिक रुपमा कालोपत्रे गर्ने नीति लिईनेछ । मापदण्ड पुरा भई ग्राभेल नभएका सम्पूर्ण बाटोहरुलाई ग्राभेल गरिनेछ । ग्राभेल भएका सडकहरुलाई स्तरोन्नति गरि आगामी वर्षहरुमा कालोपत्रे गरिनेछ ।

(६४) स्थानीय नगरबासीहरुको माग बमोजिम **लागत सहभागितामा आधारित सडक वा अन्य भौतिक पूर्वाधार निर्माण** कार्यक्रमलाई आगामी वर्षदेखि अवलम्बन गर्दै जाने नीति लिईनेछ ।

(६५) सडकहरुको निरन्तर सुधार गरी सडक यातायातको पहुँच अभिवृद्धि गरिनेछ । प्रदेश तथा संघीय सरकारसँगको साझेदारीमा पक्की पुल तथा झोलुंगे पुलहरुको निर्माण गरी यातायात पहुँचलाई सहज बनाईनेछ ।

(६६) बाँसगढी नगरपालिकाका नौ वटा वडा कार्यालयहरुमध्ये ३ नं. वडा कार्यालय बाहेक सम्पूर्ण वडा कार्यालयलमा आफ्नै भवनबाट सेवा प्रवाह भईरहेको छ । वडा कार्यालय भवन तथा घेरबार निर्माण एवम् मर्मत संभार गरिनेछ ।

## महिला बालबालिका तथा समाजकल्याण क्षेत्र

(६७) **"एक छोरी एक बैंक खाता"** कार्यक्रमलाई नगरको नमूना कार्यक्रमका रुपमा विस्तार गरिनेछ । नगरभित्र जन्मने हरेक छोरीका लागि केही रकमसहित बैंक खाता खोलिनेछ ।

(६८) एकल महिला, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वपीडित, दलित, मुक्त कमैया, अल्पसंख्यक, पिछडिएका वर्ग तथा तेस्रो लिङ्गीहरुलाई आय आर्जनका क्रियाकलापहरुमा सहभागी गराउन सीप विकास र प्राविधिक सहयोगको नीति लिईनेछ ।

(६९) बाँसगढी नगरपालिकालाई बालश्रममुक्त नगर बनाईनेछ । बालबालिका, किशोर किशोरीहरु लक्षित क्षमता अभिवृद्धि तथा लागूऔषध दुर्व्यसन विरुद्ध सचेतनामूलक कार्यक्रम संचालन गर्नुका साथै किशोरीलाई आत्मरक्षाका उपायहरु सिकाईनेछ ।

(७०) यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरुको अधिकार संरक्षण तथा कार्यान्वयन र उनीहरुविरुद्ध हुने हिंसा र भेदभावको अन्त्य गरिनेछ । हिंसा पीडितको तत्काल उद्धार, संरक्षण र पारिवारिक तथा सामाजिक पुनर्मिलन एवं सशक्तिकरणलाई प्रभावकारी बनाईनेछ । कानूनी व्यवस्थाका बारेमा जानकारी दिन सचेतनामूलक गोष्ठी, अभिमुखिकरण लगायतका गतिविधिहरु संचालन गर्ने नीति लिईनेछ ।

(७१) जेष्ठ नागरिकहरुको खुशी साटासाट तथा सम्मान एवम् अन्तरपुस्ता ज्ञान, सीप र अनुभव आदान प्रदानका लागि जेष्ठ नागरिक मिलन केन्द्रलाई थप व्यवस्थित गरिनेछ । ८४ वर्ष उमेर पुगेका वृद्ध वृद्धाहरुलाई कोसेली सहितको सम्मान पत्र उपलब्ध गराईनेछ ।

(७२) बाँसगढी नगरपालिकाको वडा नं. ६ बालमैत्री वडाका रुपमा घोषणा भईसकेको छ । अब उक्त वडामा बालमैत्री क्रियाकलापहरुको निरन्तरता दिनुका साथै अन्य वडाहरुमा समेत बालमैत्री अभियान सुरुवात गरिनेछ ।

## उद्योग, बाणिज्य, रोजगारी र पर्यटन क्षेत्र

(७३) उद्योग ग्राम स्थापनाका लागि पहल गरिनेछ । स्थानीय आवश्यकताका आधारमा सिप विकासका कार्यक्रमहरु संचालन गरिनेछ । उत्पादनमूलक र रोजगारी सिर्जना गर्ने उद्योग व्यवसाय संचालनका लागि प्रोत्साहन गरिनेछ ।

(७४) नगर क्षेत्रभित्र कालो बजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना गर्ने व्यवसायीलाई कारबाही गरिने तथा कार्यतालिका बनाई बजार अनुगमन निरन्तर रुपमा गरिनेछ ।

(७५) घरेलु तथा साना उघोग र लघु उद्यम विकास कार्यक्रमलाई प्रवर्द्धन गर्दै व्यवसाय दर्तालाई सहज बनाईनेछ । होमस्टे र कोशेली घर निर्माण र संचालन कार्यलाई प्रोत्साहित गरिनेछ ।

(७६) बाँसगढी नगरपालिकाका प्रत्येक वडामा क्रमश: निर्माण गरिने गरी **एक वडा एक पार्क**को नीति अवलम्बन गरिनेछ ।

(७७) बाँसगढी नगरपालिकाको वडा नं. १ लाई पर्यटन हबका रुपमा विकास गर्न सार्वजनिक निजी साझेदारीमा जिप लाईन निर्माण तथा साहसिक पर्यटकीय गतिविधि संचालन गरिनेछ ।

(७८) धार्मिक, ऐतिहासिक, पुरातत्विक तथा ताल तलैया, सिमसार क्षेत्रजस्ता प्राकृतिक सम्पदाहरुको संरक्षण, निर्माण, पुन:निर्माण तथा प्रचार प्रसार गरी पर्यटन प्रवर्धन गरिनेछ ।

(७९) बाँसगढी नगरपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई संघीय सरकारसँगको समन्वयमा सिप विकास तालिम प्रदान गरी स्वरोजगार बन्न प्रेरित गर्नुका साथै रोजगारीको अवसरहरुको सिर्जना गरिनेछ ।

<u>विपद व्यवस्थापन क्षेत्र</u>

(८०) बाँसगढी नगरपालिका मुख्य गरी आगलागी र बाढीबाट बढी जोखिम रहेको क्षेत्र रहेको हुदाँ नगरपालिकामा रहेको दमकलबाट हुने सेवा प्रवाहलाई २४ सै घण्टा दुरुस्त राखिनेछ ।

(८१) स्थानीय सिर्जनशील समाज नेपाल, बाँसगढीबाट सहयोग स्वरुप प्राप्त रकममा बाँसगढी नगरपालिकाले समेत रकम थप गरी खरिद प्रक्रियामा रहेको एम्बुलेन्स यसै आर्थिक वर्षको अन्तिमसम्म प्राप्त हुने भएकोले सोको उपयुक्त व्यवस्थापन गरिनेछ र सेवा प्रवाहलाई समेत २४ सै घण्टा खुला राखिनेछ । सहयोगी संस्था तथा सम्पूर्ण सहयोगी व्यक्तिहरुलाई समेत स-सम्मान धन्यवाद व्यक्त गर्न चाहन्छु ।

(८२) अन्य विपदको बेलामा सबैसँग हातेमालो गर्दै अगाडि बढिनेछ भने विपदको तत्कालीन व्यवस्थापनका लागि विपद व्यवस्थापन कोषमा रकमको व्यवस्था गर्दै जाने नीति लिईनेछ । विपदमा परेका नगरबासीहरुलाई सक्दो भौतिक तथा आर्थिक सहायता उपलब्ध गराईनेछ ।

**नगर सभासदज्यूहरु,**

<u>सूचना तथा प्रविधि क्षेत्र</u>

(८३) कृषकसँग सम्बन्धित सरकारी निकाय, कृषि सहकारीहरु लगायत अन्य स्थानीय स्तरका सरोकारवालाहरुलाई अनलाइन माध्यमवाट कृषि उत्पादनलाइ बजारीकरण, कृषि प्रविधि र बजार मूल्य सम्बन्धी सूचना तथा अन्य उपयोगी सूचना उपलब्ध गराउन एकीकृत कृषि सूचना प्रणालीको विकास गरिनेछ । उक्त प्रणालिमानै रहने गरि प्राकृतिक विपदबाट हुने जोखिम न्यूनीकरण कम गर्नुका साथै कृषि उत्पादनमा सहयोग पुर्याउन मौसम सम्बन्धी पूर्व सूचना प्रणाली विकास गरी लागू गरिनेछ ।

(८४) नगर भित्रका घरधुरीहरु पहिचानका लागि प्रविधिमा आधारित नगर भित्रका सवै घरहरुमा डिजिटल घर नं कायम गरिने छ । नगरपालिकावाट प्रदान गरिने सेवाहरुलाइ सहज बनाउन घरवाटनै नगरका सेवाहरु प्रविधिमा आधारित रहेर लिन मिल्ने गरि बिशेष प्रणाली लागु गरिनेछ ।

(८५) नगर भित्रको शान्ति सुरक्षा ब्यबस्था मजबुत बनाउन मुख्य बजारहरुमा सिसि टिभिको ब्यबस्था गरिनेछ । राजमार्गहरुको हकमा Automatic Number Plate Recognition (ANPR) प्रणाली लागु गरिनेछ ।

(८६) नेपाल टेलिकम सँगको सहकार्यमा बाँसगढी नगर क्षेत्र भित्र FTTH प्रणालीको ब्यबस्था का लागि आबश्यक कार्यको शूरुवात गरिने छ ।यस अघि बजारमा लगाइएका फ्रि वाइफाइको गुणस्तर वृद्धि गरि बाँकि रहेका बजारमा समेत सेवा बिस्तार गरिनेछ ।

(८७) वडा नं ४ को बठुवा, नेवादा, मदाहा, वडा नं ८ को ककौरा, झनैंया, ठुलोगाँउ तथा वडा नं २ को राँझा क्षेत्रमा ३५ मिटरको 4G नेटवर्क स्थापनाका लागि यसै आर्थिक बर्षमा नतिजा मुलक कार्य गरिनेछ ।

(८८) इन्टरनेट नभएका सवै बिद्यालयमा यसै आर्थिक बर्षमा इन्टरनेटको पहुँच सवै बिद्यालयहरुमा पुर्याइने छ । शिक्षक तथा विद्याथीहरुको लागि विशेष तालिमको समेत ब्यबस्था गरि प्राविधिक हिसावले विकास हुन नसकेका विद्यालयहरुमा E - school सम्बन्धि कार्यक्रमहरु सन्चालन गरिने छ । साथै विद्युतिय सिकाइ E learning र विद्युतिय शिक्षा E –education कार्यको विकास गरि शिक्षण सिकाइ क्रियाकलापलाइ प्रभावकारी बनाइनेछ ।

(८९) नगरपालिकाबाट प्रदान गरिने सेवाहरु कसरी लिने भन्ने बारे जानकारी दिने नगरको प्राविधिक सेवा बिषय कार्यक्रम विभिन्न विद्यालयहरुमा सन्चालन गरिनेछ । सबै वडा कार्यालयमा डिजिटल वडापत्रको व्यवस्था गरिनेछ ।

<u>अन्य विविध क्षेत्रहरु</u>

(९०) सामाजिक सुरक्षा भत्ता वितरणलाई सहज र पारदर्शी बनाउन बैंकिङ प्रणालीमा जानुपरेको बाध्यकारी नियमबाट पछाडी हट्न नमिले पनि ८० वर्ष माथिका ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरुलाई घर घरमै सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

(९१) नगर भित्रको यातायात प्रणालीलाई विस्तार तथा व्यवस्थित गरिनेछ । यातायात पार्किङ व्यवस्थापन र ई-रिक्सा संचालनलाई व्यवस्थित बनाईनेछ ।

(९२) प्रत्येक टोल टोलमा गठन भएका टोल विकास संस्था र गाउँ बरघर संस्थाका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गरि सबल संस्था निर्माण र विकास गरिनेछ ।

(९३) हरेक जात जाति र धर्मको संस्कृति तथा परामपरागत मान्यताको जगेर्ना गर्दै सह-अस्तित्व, समन्वय र सहकार्यका आधारमा सुखी र सहिष्णु नगरका रुपमा बाँसगढी नगरपालिकाको विकास गरिनेछ । कला र संस्कृतिको विकासलाई विद्यालय शिक्षासँग आवद्ध गरी हाम्रो नगरपालिका जातिय र सांस्कृतिक रुपमा विविधतामा पनि एकताबद्ध रहेको सन्देश प्रवाह हुने वातावरण सिर्जना गरिनेछ ।

(९४) प्रत्येक टोलको वडा र नगरसँग सहज पहुँचका लागि टोल टोलमा निर्माण भएका टोल विकास संस्था र गाउँ बरघर संस्थालाई नगरपालिकाको **द्रुत कार्य टोली (Rapid Action Team)** का रुपमा विकास गरिनेछ । यसबाट समस्याको रिपोर्टिङ र सामाधानका उपाय अवलम्बन समेत हुने प्रणाली बनाईनेछ ।

(९५) विद्युत विस्तार तथा ह्युमपाईपको व्यवस्थापन गरी स्थानीयको समस्यामा नगरको साथ र सहयोग कायम रहनेछ ।

(९६) बाँसगढी नगरपालिकाका सबै वडामा रहेका मेलमिलाप केन्द्रको क्षमता अभिवृद्धि गर्नुका साथै न्यायिक समितिबाट हुने न्यायिक निरुपणका कार्यहरु छिटो, छरितो र विश्वसनीय बनाईनेछ ।

(९७) बाँसगढी नगरपालिकाका भूमिहीन तथा अव्यवस्थित बसोबासीहरुलाई नेपाल सरकार र प्रदेश सरकारसँगको समन्वयमा लालपूर्जा वितरण गरिनेछ ।

(९८) नगरपालिकाको अधिकार क्षेत्रभित्रका करका दरहरु कम गरी दायरा फराकिलो बनाउनुका साथै बैज्ञानिक र प्रविधिमैत्री राजश्व प्रणालीको विकास गर्न राजश्व सुधार योजनालाई समयानुकूल परिमार्जन गरिनेछ । राजश्व शिक्षा कार्यक्रम संचालन गरि कर संकलनमा सहज व्यवस्था अपनाईनेछ । अधिकतम् राजश्व बुझाउने व्यक्ति वा व्यवसायीलाई सम्मान गरिनेछ ।

(९९) नगरपालिकाबाट हुने सेवा प्रवाहलाई पारदर्शी, नतिजामुखी र छिटो छरितो बनाईनेछ । उत्कृष्ठ सेवा प्रवाह गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ भने गलत कार्य गर्नेलाई तत्काल दण्डित गरिनेछ ।

(१००) **मेरो पालिका म आफैं बनाउँछु** भन्ने भावना जागृत गराउन सम्पूर्ण नगरबासीहरुको साथ, सहयोग र समन्वयमा नगरपालिकाबाट सम्पादन हुने हरेक कार्यलाई पारदर्शी, मितव्ययी र प्रभावकारी बनाईनेछ ।

अन्त्यमा, यस ऐतिहासिक एघारौं नगरसभामा पाल्नुभएका सम्पूर्ण नगर सभासदज्यूहरु, कर्मचारी तथा संचारकर्मी मित्रहरुमा धन्यवाद ज्ञापन गर्दछु । नगरको विकासमा सदैव सहयोग गर्नुहुने आम नगरबासी दाजुभाई दिदीबहिनीहरु, राजनैतिक तथा सामाजिक अगुवाहरु, सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु एवम् कर्मचारीहरु सबैलाई हार्दिक आभार व्यक्त गर्दै आगामी दिनहरुमा समेत अझै उर्जाशील सहयोगको अपेक्षा राखेको छु ।

**धन्यवाद ।**

**मिति २०७९।०३।०९** **खडक बहादुर खड्का**

**नगर प्रमुख**